STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार १३ गते आइतबार ❑ 27 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरा विमानस्थलको निर्माण कार्य जुन १० मा सम्पन्न नहुने डिसेम्वरसम्म समय थप गर्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असार**

कोरोनाको कारण राष्ट्रिय गौरवको योजना पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल निर्माण कार्य प्रभावित भएको छ।

कोरोनाको कारण पोखरा विमानस्थल निर्माण कार्य समेत प्रभावित भएको पोखरा क्षेत्रीय अन्तर्राट्रिय विमानस्थल निर्माण आयोजना प्रमुख विनेस मुनानकर्मीले बताए । गण्डकी प्रदेशको विकासको इन्जिनको रुपमा लिइएको पोखरा बिमानस्थलको निर्माण कार्य सन् २०२१ को जुलाई १० अर्थात यही असार २६ गतेभित्र सक्नुपर्नेमा समय सिमा भित्र नसकिने भएको उनले बताए । पोखरा विमानस्थल निर्माणको जिम्मा लिएको चाइनाको सि.ए.एम.सी. कम्पनीले कोरोनाको कारणले गर्दा समय सिमा भित्र नसकिएकोले गर्दा कम्पनीले ६ महिना समय थप गर्न प्रशताव गरेको प्रमुख मुनानकर्मीले बताए । गत बर्ष पहिलो लहरको कोरोना र यस चालु आर्थिक बर्षमा पनि दोश्रो लहरको कोरोनाको कारणले गर्दा कामदार तथा निर्माण सामाग्री समयमै व्यबस्थापन गर्न



नसक्दा निर्धारित समय सिमाभित्र उक्त परियोजना सम्पन्न गर्न नसकिने भएको मुनानकर्मीले बताए। पोखरा विमानस्थल निर्माण कम्पनीले ६ महिना अर्थात सन् २०२१ को डिसेम्बरसम्मको समय सिमा थप गर्न प्रस्ताव गरेकोले आफुहरुले केन्द्रमा प्रस्ताव पेश गरेको उनले जनाए।

उक्त आयोजनामा हाल दैनिक जसो १ सय ८५ जना चाइनिज र २ सय ७० जना नेपाली कामदारले काम गर्दै आएको आयोजनाका डेपुटी म्यानेजर ई.कृष्ण प्रसाद पौडेलले बताए । पोखरा क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थल निर्माण कार्य हालसम्म करिब ७९ प्रतिशत सम्पन्न भएको उनले जनाए। बाँकी २१ प्रतिशत अन्तिम चरणको फिनिसिङ र केही सामान जडानको काम बाँकी रहेको ई.पौडेलले दाबी गरे। उक्त परियोजना करिब ६ महिना अघि नै सक्ने गरी चाइनिज निर्माण कम्पनीले तयारी गरे पनि कोरोनाको कारणले गर्दा थप ६ महिना समय सिमा थप गर्नु पर्ने र अन्तर्राष्ट्रिय हवाई उडान गर्नको लागि पोखरामा थप केही कामहरु गर्नुपर्ने आयोजनाले विभिन्न ठाँउमा जानकारी गराउदै आए पनि त्यसको हालसम्म याक्सनमा काम हुन नसकेको आयोजनाले जनाएको छ । सन् २०१७ जुलाईबाट उक्त परियोजनाको निर्माण कार्य सुरु भएको हो।

पोखरा विमानस्थल भित्र इन्धन डिपो निर्माण कार्यको लागि नेपाल आयल निगमले ठोस रुपमा काम अघि नबढाएको, हवाई रुटमा पर्ने रिठ्ठेपानीको डाँडा करिब ४० मिटर कटान गर्नु पर्ने त्यसको काम ढिलाइ भएको, बिमानस्थल क्षेत्र भन्दा बाहिर बर्षातको समयमा बग्ने पानी, भित्रि सडक र पृथ्बी राजमार्गको नालाबाट र सिंचाईको नहर बगेर आउने पानीको कारण विमानस्थलको पूर्वी भागमा बाढी पहिरोको समस्या रहेको र पोखरामा ल्याण्डफिल साइड हालसम्म स्थान्तरणको कुनै प्रक्रिया अघि नबढेको ई. पौडेलले गुनासो गरे । विभिन्न बिषयमा स्थानीय तह देखि केन्द्रिय सरकार र क्याविनेटको निर्णय समेत आवश्यक भएको पोखरा विमानस्थल निर्माण भएसंगै अन्तर ाष्ट्रिय मान्यता प्राप्त विमान स्थल बनाउनको लागि आधारभूत कुरामा ध्यान दिनुपर्ने पौडेलको भनाई छ।

## अदालतले संविधानको व्यवस्थाअनुसार फैसला गर्छ : सभापति देउवा

**रासस**
**काठमाडौं, १२ असार**

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सर्वोच्च अदालतले संविधानको व्यवस्थाअनुसार नै फैसला गर्ने विश्वास व्यक्त गरेका छन्।

विपक्षी दलहरूको गठबन्धनले शनिबार यहाँ आयोजना गरेको सञ्चारकर्मीसँग अन्तरक्रियामा उनले अदालतले प्रधानमन्त्री बनाउने नभइ संविधानको अन्तिम व्याख्या गर्ने अधिकार भने अदालतलाई नै रहेको बताए।

राष्ट्रपतिको आह्वानअनुसार नै आफूहरूले संविधानको व्यवस्थाबमोजिम १४९ सांसदको हस्ताक्षरसहित प्रधानमन्त्रीमा दाबी गरेको तर राष्ट्रपतिले हस्ताक्षर बारे नसोधी नबुझी मन्त्रिपरिषद्को सिफारिसमा अपर्झट राति नै संसद् भङ्ग गर्नुभएको भन्दै सभापति देउवाले दुखेसो गरे । त्यस्तो गम्भिर विषयमा सबै दललाई बोलाएर आवश्यक छलफल गर्नुपर्ने राष्ट्रपतिको कर्तव्य रहेको उनको कथन थियो। कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं अर्का पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालले विपक्षी दलहरूको गठबन्धन कुनै स्वार्थमा नभइ संविधान र लोकतन्त्रको रक्षा तथा राष्ट्रिय हितका मुद्दामा आधारित भएर निर्माण भएको स्पष्ट पारे । उनले संविधानको व्यवस्थाअनुसार संसद् पुनःस्थापना र बुहमतका आधार नयाँ सरकार गठनको माग गरेको अवगत गराए। अध्यक्ष दाहालले पनि संविधानको व्यवस्थाअनुसार संसद्को पुनःस्थापना र आफ्नो मुद्दाको पक्षमा फैसला हुने विश्वास व्यक्त गरे।

अर्का पूर्व प्रधानमन्त्री एवं नेता माधवकुमार नेपालले आफूलाई प्रधानमन्त्रीको प्रस्ताव आएको जानकारी दिँदै गठबन्धनका तर्फबाट अदालतमा विचाराधिन मुद्दाको फैसला नहुन्जेलसम्म हस्ताक्षर कुनै पनि हालतमा फिर्ता नहुने स्पष्ट पारे । साथै उहाँले आवश्यक प्रक्रिया पूरा नगरी संवैधानिक निकायमा गरिएको नियुक्त गलत रहेको टिप्पणी समेत गरे । नेता नेपालले संविधानको परिपालना, लोकतन्त्रको रक्षा र जनताको हितका लागि आफूहरूले आवाज उठाएको बताउँदै गठबन्धनले जनताका वतर्मान समस्या समाधानमा पनि कार्यकर्ता परिचालन गरिरहेको अवगत गराए।

## पाल्पाली बहुउद्देश्यीय सहकारीको रक्तदान, ५० युनिट संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असार**

पाल्पाली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले तेस्रो स्थापना दिवस अवसरमा शनिबार पोखरामा रक्तदान कार्यक्रम गरेको छ। कार्यक्रममा ५० युनिट रगत संकलन भएको छ।

प्रमुख अतिथि पोखरा-९ का वडाध्यक्ष रामराज लामिछानेले पहिलो रक्तदाता पाल्पाली समाज पोखराका निवर्तमान अध्यक्ष एवं पाल्पा हाउसका अध्यक्ष कुलप्रसाद घिमिरेलाई ब्लडव्याग हस्तान्तरण गरी कार्यक्रम उद्घाटन गरेका थिए।

पाल्पाली बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष चिरञ्जीवी श्रेष्ठले सहकारीले स्थापना दिवस अवसरमा हरेक वर्ष नियमित रक्तदान कार्यक्रम गर्दै आएको बताए । पाल्पाली समाजका



अध्यक्ष एवं सहकारीका सचिव रेशम रचक थापाले यो कार्यक्रमले कोरोना महामारीबीच रक्त सञ्चार केन्द्रमा रगत अभाव हुन नदिन सघाउ पुग्ने बताए।

कार्यक्रम संयोजक एवं समाजका प्रथम उपाध्यक्ष बालचन्द्र परियारले स्वागत मन्तव्यसहित कार्यक्रमबारे प्रकाश पारेका थिए भने संचालन सहकारी सहसचिव युमाया पचभैयाले गरेकी थिइन्।

'रक्तदान जीवनदान, जीवनदान महादान' मूलमन्त्रका साथ पोखरा ९, नयाँबजारस्थित सहकारीको कार्यालय परिसरमा कोरोनाविरुद्ध स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर कार्यक्रम भएको हो। सहकारीमा हाल करिब ४ सय जना शेयर सदस्य छन्।

## त्रिविका रोकिएका सबै परीक्षा यसै वर्ष

**पोखरापत्र संवाददाता**
**काठमाडौं, १२ असार**

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय (पनिका)ले रोकिएका सबै परीक्षा यस वर्ष नै गर्ने भएको छ।

कोरोना भाइरसका कारणले पनिकाले परीक्षाको क्यालेन्डर नै खल्बलिएपछि पनिकाले यस वर्ष रोकिएका सबै परीक्षा सम्पन्न गर्ने तयारी गरेको हो। परीक्षा नियन्त्रक पुष्पराज जोशीले गत वर्षदेखि रोकिएका सबै परीक्षा यसै वर्ष सकेर परीक्षा क्यालेन्डरलाई नियमित गराइने बताए। "कोरोना भाइरसको तेस्रो लहर आए पनि हामी स्वास्थ्यका मापदण्ड लागू गरेर परीक्षा सञ्चालन गर्दछौँ", उनले भने, "भरसक भौतिक उपस्थितिमा परीक्षा गर्नेछौँ, त्यो सम्भव नभए पनि अनलाइनबाट परीक्षा गरेर क्यालेन्डलरलाई पहिल्यकै अवस्थामा पुऱ्याउँछौँ।"

त्रिविको गत वर्ष भदौमा हुनेपर्ने स्नातक तह पहिलो वर्षको परीक्षा कोभिड-१९ का कारणले हुन सकेको छैन। पनिकाले स्नातक दोस्रो वर्षको परीक्षा आगामी साउन ४ गते र पहिलो वर्षको परीक्षा साउनको १० गतेदेखि शुरु गर्न थालेको छ। त्यसपछि स्नातक तह कानूनको प्रथम वर्षको परीक्षा र स्नातकोत्तर तह दोस्रो वर्षको परीक्षा गर्ने तयारीमा पनिका रहेको छ । परीक्षा नियन्त्रक जोशीका अनुसार दशैंअगाडि २०७७ सालका परीक्षा सम्पन्न र दशैंपछाडि २०७८ सालका परीक्षा शुरु गर्ने तयारी छ । दशैंपछाडि स्नातक तहका चारै वर्ष र स्नातकोत्तर तहको प्रथम वर्षको परीक्षा गरिने उनले बताए। दशैंअगाडि हुने परीक्षामा दुई लाख ५० हजार विद्यार्थी र दशैंपछाडिको परीक्षामा करीब छ लाख परीक्षार्थी सहभागी हुने उनले जानकारी दिए। पनिकाले विद्यार्थीलाई पायक पर्ने परीक्षा केन्द्र तोक्ने भएको छ। कोरोना भाइरसका कारण घर गएका परीक्षार्थीलाई सहज होस् भनेर पनिकाले विद्यार्थीले रोजेको परीक्षा केन्द्रमा परीक्षा दिलाउने व्यवस्था गरिएको जोशीले बताए । योसँगै अब त्रिविको परीक्षा दिनका लागि काठमाडौं आउने बाध्यता हटेको छ । "हामीले विद्यार्थीलाई परीक्षा फारामसँगै आफूलाई पायक पर्ने परीक्षा केन्द्र पनि छान्न भनेका छौँ", उनले भने, "विद्यार्थीले जुन परीक्षा केन्द्र रोज्छन् त्यही परीक्षा केन्द्रमा गएर परीक्षा दिन पाउने छन्।"

## सिग्देल परिवारलाई शोक



**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असार**

अक्सफोर्ड स्कुल पोखरा-१३ बाँझापाटनका विद्यालय ब्यवस्थापन/सञ्चालन समितिका अध्यक्ष रमाकान्त सिग्देललाई मातृशोक परेको छ।

पोखरा महानगरपालिका वडा नं १३ सिग्देल मार्गमा बस्ने ईश्वरी सिग्देलको शनिवार निधन भएको हो। ८० वर्षिय आमाको स्वास्थ्यमा केही दिनदेखि समस्यका आएको थियो । स्वर्गीय सिग्देलको शनिवार नै सेतीनदीको रामघाटमा दाहसंस्कार गरिएको छ। स्वर्गीय सिग्देल समाजमा सवैको प्रिय हुनुहुन्थ्यो।

## ओलम्पिकका लागि वाइल्ड कार्डको पर्खाइमा रहेका खेलाडीलाई ट्र्याकसुट सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असार**

ओलम्पिकका लागि वाइल्ड कार्डको पर्खाइमा पोखरामा प्रशिक्षण गरेका आर्चरीका खेलाडीलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले ट्र्याकसुट सहयोग हस्तान्तरण गरेका छन्।

१३ औं साग तथा आठौं राष्ट्रिय खेलकुदका पदकधारी खेलाडी तिलक पुन मगर र ज्ञानु अवालेलाई राखेप सदस्य गुरुङले व्यक्तिगत रुपमा ट्र्याकसुट सहयोग गरेका हुन्। खेलाडीहरुको हौसला स्वरुप आफुले सानो मायाको चिनो प्रदान गरेको गुरुङले बताए। नवौं राराष्ट्रिय खेलकुद प्रतियोगिताको लागि




स्वर्णपदक ल्याउने गरी आन्तरिक तयारीमा जुट्न समेत गुरुङले प्रशिक्षक कृष्ण माया स्याङतानलाई आग्रह गरे । विभिन्न व्यक्तिको सानो सहयोगले खेलाडीहरुलाई ठुलो हौसला हुने भएको कास्की जिल्ला आर्चरी संघका अध्यक्ष योगेन्द्र शेरचनले बताए । केही समय देखि पोखरामा प्रशिक्षणमा रहेका दुई खेलाडी सहित प्रशिक्षक शनिबार काठमाण्डौं प्रस्थान गरेको उनले जनाए।

## दुई हजारमा संक्रमण

**रासस**
**काठमाडौं, १२ असार**

विगत २४ घण्टामा देशभर दुई हजार १६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार नौ हजार ८१० परीक्षणमा दुई हजार १६ जनामा सङ्क्रमण देखिएको हो । देखिएका सङ्क्रमणसँगै नेपालमा कूल छ लाख ३२ हजार ३२६ मा सङ्क्रमण पुष्टि भएको छ।

नेपालमा सङ्क्रमण दर १९.१ प्रतिशत रहेको छ। यस्तै विगत २४ घण्टामा ३० जनाको सङ्क्रमणका कारणले निधन भएका छन्।



# स्वास्थ्य तथा सुरक्षा उपकरण सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

गुड नेबर्स इन्टरनेशनलको आर्थिक तथा प्राविधिक सहयोग साझेदारी संस्था नौलो घुम्ती नेपालको समन्वय तथा सहजिकरणमा साथै गैसस महासंघ कास्कीको समन्वयमा कोरोना रोकथाम तथा नियन्त्रणार्थ आवश्यक स्वास्थ्य तथा सुरक्षा उपकरणहरु गण्डकी प्रदेश संक्रमण तथा सरुवा रोग अस्पताललाई रु ३,२३,७४०, मादि गाँउपालिकालाई रु २,१९,२५६, अन्नपुर्ण गाँउपालिकालाई रु १,८३,००६ र माछापुछ्रे गाँउपालिकालाई रु १,८३,००६ गरि कुल ९,०९, ००८ रकम बराबरको स्वास्थ्य तथा सुरक्षा उपकरण सहयोग भएको छ।



उक्त रकम अर्न्तगत अक्सिजन फ्लो मिटर ५० थान , अक्सिजन मास्क ११० थान, भेन्चुरी फेस मास्क ७० थान, रेजर्वभोयर ब्यग मास्क ११० थान, पिपिई सेट २०० थान, भिटिएम स्वाब कलेक्सन किट ११०० थान, एन्टिजेन किट ८०० थान, पल्स अक्सिमिटर ६० थान सामग्री सहयोग गरेको छ।

उक्त सामग्रीहरु संस्थाको उपस्थितिमा सम्बन्धित गाँउपालिकाहरुमा गाँउपालिका अध्यक्ष तथा स्वास्थ्य शाखा संयोजकलाई हस्तान्तरण गरिएको थियो भने गण्डकी प्रदेश संक्रमण तथा सरुवा रोग अस्पतालमा गुड नेबर्स इन्टरनेशनलका स्पोनसर सिप अफिसर भिम तामाङ्ग, नौलो घुम्ती नेपालका अध्यक्ष योगराज पौडेल, गैसस महासंघ कास्कीका अध्यक्ष पदमराज पहारि र कास्की जिल्ला कोभिड र्‍यापिड रेस्पोन्स टिमका संयोजक डा. बुद्धि बहादुर थापाद्वारा संयुक्त रुपमा प्रदेश संक्रमण तथा सरुवा रोग अस्पतालका निर्देशक विकाश गौचनलाई हस्तानरण गरेका थिए।

उक्त कार्यक्रममा गौचनले अस्पतालमा बिरामिहरुको चाप अझै पनि कायम नै रहेको छ यस्तो अवस्थामा अति आवश्यक स्वास्थ्य तथा सुरक्षा उपकरणहरु प्रदान गर्नुभएकोमा नौलो घुम्ती नेपाल, गुड नेबर्स इन्टरनेशनल र गैसस महासंघ कास्कीलाई धन्यवाद ज्ञापन गरे।



महादेवको मुर्तिः पोखरा महानगरपालिका वडा नं २२ पुम्दीकोटमा निर्माणाधीन महादेवको मुर्ति। निर्माणको काम नसकिँदै आन्तरिक पर्यटकको चहलपल बढ्न थालेको छ। तस्वीर : राधिका कँडेल, रासस

# आर्वाका अति विपन्न परिवारलाई राहत वितरण



पोखरापत्र संवाददाता
पोखरा, १२ असार

मातृभुमीका लागि नेपाली अभियान पोखरा १२ र १३ वडा ईकाई समितिको संयोजनमा शनिबार पोखरा १३ आर्वाका अति विपन्न करिव ४० परिवारलाई राहत बितरण गरिएको छ।

कार्यक्रममा खाद्यान्न तथा लत्ताकपडा बितरण गरिएको थियो । जापानमा रहेका सोम बि कको आर्थिक सहयोग तथा न्युरोड स्थित कृष्ण कलेक्सनकी सञ्चालक सुनिता अधिकारीद्वारा लत्ताकपडा सहयोग प्रदान भएको थियो । राहत बितरण कार्यक्रम मा पोखरा महानगरपालिका वडानं १३ का वडा अध्यक्ष दर्शन लामा , मातृभुमीका लागि नेपाली अभियान का केन्द्रिय सदस्य राम बराल, अभियान की जिल्ला महिला बिभाग प्रमुख मञ्जु गौतम, प्राध्यापक सुर्यभक्त सिग्देल, तथा सोहि अभियानका पोखरा १२ की संयोजक बिद्या अधिकारी तथा १३ का संयोजक शिबराज बराल लगायतले राहत सामग्री हस्तान्तरण गरेका थिए।

सो समुहले पोखरा महानगरपालिका का अन्य वडाहरुमा पनी राहत वितरण गर्दै आएको केन्द्रिय सदस्य राम बराल ले जानकारी दिए । स्वतन्त्र नागरिक संस्था का रुपमा उदाएको यो संस्थाले मानविय कामहरु गर्दै आयको र केही समय पछि पोखरा १३ आर्वामा बृहत् स्वास्थ्य शिविर गर्ने अभियान का पोखरा १३का संयोजक शिबराज बराल ले जानकारी दिए।

# मर्स्याङ्दीको धारलाई पुरानै लयमा फर्काउन मुश्किल

रासस
मनाङ, १२ असार

जिल्ला सदरमुकाम चामेस्थित मोटरेवल पुललाई जोगाउन हम्मे हम्मे भएको छ। मर्स्याङ्दी नदीको धारलाई पुरानै लयमा फर्काउन नसकिँदा अहिले पुल जोगान मुश्किल भएको हो । अहिले जेसिबीको प्रयोगबाट नदीलाई पुरानो धारतर्फ पठाउन प्रयास भने जारी छ। सो नदीले बगाएर ल्याएका काठ पुलमा अड्किदा पानी रोकिएर नयाँ धार बनाएर बगेको छ । वर्षा भइरहेकाले पानीको सतह कम नहुँदा जेसिबी प्रयोग गर्न मुश्किल भएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्र बहादुर घलेले जानकारी दिनुभयो।

“नदीले धेरै भौतिक संरचनामा क्षति पुऱ्याएको छ, त्यसैले मेसिन प्रयोग गरेर पुरानो धारतर्फ धकेल्ने प्रयास गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट तेल मगाइयो । पेत त आइपुग्यो। काम गर्न सकिएको छैन” ,उहाँले भन्नुभयो, “पानी पर्न रोकिएको छैन, नदीको सतह उस्तै छ, पुल बचाउन र बस्ती बचाउन साह्रै गाह्रो भयो ।” मन्त्रालयले बाढीपहिरोका कारण अवरुद्ध बेसीशहर-चामे सडक तत्काल खुलाउन माताहतका निकायलाई निर्देशन दिएको छ । मेसिन चलाउन इन्धन अभाव भएकाले नेपाली सेनाको हेलिकोप्टरमार्फत इन्धन चामे ल्याइएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो। नदीको धारलाई परिवर्तन गराउन उपकरण प्रयोग गर्न कठीन भएको उहाँले बताउनुभयो । निरन्तरको वर्षाले पानीको सतह नघट्दा उपकरण प्रयोग गर्न र पुलमा अड्किएको काठहरूले गर्दा पानी छिर्न नपाएर धार फेरिएको उहाँको भनाइ छ। “सडक सञ्जालका लागि उपयोगी बनेको पुल बाढी आउँदा भने समस्याको जड बनेको छ, कसरी समस्या समाधान गर्ने भन्ने भएको छ। ” उहाँले भन्नुभयो।

उक्त सडक खण्डमा भएको क्षतिको विस्तृत अध्ययन गर्न सेना र सडक विभागको प्राविधिक टोली आए पनि प्रतिकूल मौसमले साथ दिएको छैन। बाढी पहिरोका कारण बेसीशहर-चामे सडक अवरुद्ध हुँदा जिल्ला सडक सञ्जालबाट पूर्ण रुपमा विच्छेद भएको छ। गत ३१ जेठ रातिदेखि परेको अविरल वर्षाका कारण पूरै सडक खण्ड अवरुद्ध भएका थिए । अहिले सडक विभागले बेसीशहरदेखि १८ किलोमिटरसम्म बाटो खुलाएको छ भने बाँकी अवरुद्ध खण्डको हटाउने प्रयास जारी छ। विघटित प्रतिनिधिसभा सदस्य पोल्देन छोपाङ गुरुङ, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेल, न सेनाका प्रतिनिधि, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव रविन्द्रनाथ श्रेष्ठ र सडक विभागका महानिर्देशक अर्जुनजंग थापाका बीच छलफल भएको थियो।

मनसुन शुरुभएदेखि आएको बाढी पहिरोका कारण आएको विपद् हाल माथिल्लो मनाङतर्फ देखिएको स्थनीय बताउँछन् । बाढी पहिरोको प्रभाव शुरुआती चरणमा जिल्लाको तल्लो भागमा बढी देखिएको थियो भने हाल आएर माथिल्लो भागमा देखिएको छ । अहिले हुम्डे, पिसाङ, माथिल्लो मनाङमा बस्तीहरूमा क्षति पुऱ्याउदै गएको जनाइएको छ।




स्वास्थ्य नै ठूलो धन हो।
कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, संक्रमितहरुको उच्च मनोवल राख्न हौसला प्रदान गरौं।

- कोभिड-१९ संक्रमित बिरामीहरुलाई अपहेलना नगरौं।
- बिरामीहरुको दैनिकीमा ध्यान दिऔं, उनीहरुसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं।
- कोभिड-१९ संक्रमितहरुको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरुक्षाकर्मीहरुको उच्च मनोबल कायम राख्न हौसला प्रदान गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नमूना गाउँका कृषकलाई घाँसका बिरुवा

**पोखरापत्र संवाददाता**
**दमौली, १२ असार**

मुख्यमन्त्री जलवायुमैत्री नमूना गाउँका कृषकलाई घाँसका बिरुवा वितरण गरिएको छ । तनहुँको घिरिङ गाउँपालिका-२ स्थित देउराली, दुम्कोट, घुर्लीछाप, घ्याछापका कृषकलाई घाँसका बिरुवा, औषधि, झोलमलका लागि ड्रम र जोख्ने मेशिन वितरण गरिएको हो।

गण्डकी प्रदेशको भूमिसुधार तथा गरिबी निवारण मन्त्रालयमार्फत गत फागुनदेखि उक्त चार गाउँमा मुख्यमन्त्री जलवायुमैत्री नमूना गाउँको कार्यक्रम सञ्चालित छ । यस कार्यक्रममार्फत उक्त चार गाउँका १०५ घरधुरी आबद्ध रहेका कृषि प्राविधिक लुना अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार ती कृषकलाई करीब ३२ हजार डाँलेघाँस र ६२ हजार भुइँघाँसका बिरुवा वितरण गरिएको छ। त्यस्तै मलका लागि २५ ड्रम, चार गाउँका लागि एक/एक गरी चार बोयर जातका बोका, होर्डिङबोर्ड र दुई जोख्ने मेशिन वितरण गरिएको छ । बाख्राका लागि औषधि पनि वितरण गर्ने तयारी गरिएको अर्याललले बताउनुभयो। मुख्यमन्त्री जलवायुमैत्री नमूना गाउँ कार्यक्रम चार वर्ष सञ्चालन हुनेछ। पहिलो वर्षका लागि रु ४० लाख बजेट विनियोजन गरिएको छ। यसमा ८५ प्रतिशत मन्त्रालयले सहयोग गरेको छ भने १५ प्रतिशत समूहले लागत साझेदारी गर्नुपर्नेछ। यस कार्यक्रममार्फत देउरालीका ५०, दुम्कोटका २३, घुर्लीछापका १७ र घ्याछापमा १५ घरधुरी आबद्ध छन्। कृषिप्राविधिक अर्यालका अनुसार यस वर्ष उक्त गाउँमा बाख्रापालनका लागि आवश्यक सहयोग गरिएको छ। "यस वर्षको बजेट बाख्रापालनमा लक्षित छ, आगामी वर्ष तरकारी, फलफूल लगायतका लागि सहयोग गरिनेछ", उहाँले भन्नुभयो, "कृषक जागरुक र उत्साहित छन् ।" घिरिङ बाख्रापालक कृषक समूहकी अध्यक्ष विमला आलेले कार्यक्रम लागू भएपछि यहाँका कृषक व्यावसायिक बन्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँका अनुसार यहाँका कृषकले कम्तीमा १५/२० बाख्रापालन गर्दै आएका छन् । "यो कार्यक्रम कृषकमैत्री छ, निर्वाहमुखी रूपमा मात्रै कृषि र पशुपालन गर्दै आएका कृषकलाई व्यावसायिक बन्न प्रेरित गरिएको छ", उहाँले भन्नुभयो। प्रदेश सरकारका निवर्तमान अर्थमन्त्री किरण गुरुङको सिफारिसमा मन्त्रालयले यस गाउँलाई मुख्यमन्त्री जलवायुमैत्री नमूना गाउँका रूपमा छनोट गरेको थियो । त्यसका लागि कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले प्राविधिक सहयोग गरेको थियो।

निर्वाहमुखी कृषि पेशा गर्दै आएका कृषकलाई व्यावसायिक बनाउँदै नमूना गाउँ बनाउने लक्ष्यसहित प्रदेश सरकारले विसं २०७५ चैत १० गतेदेखि प्रदेशभर यो कार्यक्रम लागू भएको घोषणा गरेको थियो । सोही बमोजिम यहाँका विभिन्न पालिकामा मुख्यमन्त्री जलवायुमैत्री नमूना गाउँ सञ्चालित छ । तनहुँको ऋषिङ, भिमाद, देवघाट, शुक्लागण्डकी, भानु, आँबुखैरेनीलगायत गाउँमा मुख्यमन्त्री जलवायुमैत्री नमूना गाउँ कार्यक्रम लागू गरिएको छ।

# स्थानीय तहका बजेट कार्यक्रममा खेलकूद : खेल पूर्वाधार निर्माण र प्रतियोगिता सञ्चालन

**– कृष्ण दवाडी**
**कास्की, १२ असार**

यहाँका पाँचवटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यक्रममा खेलकूद क्षेत्रलाई समेटेका छन् । गण्डकी प्रदेशको राजधानी शहर पोखरासहित समग्र कास्की जिल्ला नै खेलकूदको उर्वरभूमि रहेकाले स्थानीय सरकारहरूले खेलकूदको विकासका लागि पूर्वाधार निर्माण, प्रतियोगिता निरन्तरता र विद्यालयस्तरीय खेलकूद कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेका हुन् ।

पोखरा महानगरपालिकाले खेलकूद प्रतियोगिता सञ्चालन सहयोग तथा विद्यालयस्तरीय लगायतका अन्य खेल गतिविधि सञ्चालनका लागि रु एक करोड ५५ लाख बजेट विनियोजन गरेको उपप्रमुख मञ्जुदेवी गुरुङले बताउनुभयो । महानगरले यसै वर्ष महानगर खेलकूद विकास समिति गठन गरेर अध्यक्ष, सदस्यसचिव लगायतका पदाधिकारी नियुक्त गरिसकेको छ । सो समितिले खेलकूदसँग समन्वय गर्नाका साथै सम्बन्धित एकाइलाई आवश्यक सहजीकरणसमेत गर्ने जनाइएको छ। पोखराको पहिचानसँग जोडिएको देशकै प्रतिष्ठित आहा रारा गोल्डकप र पोखरा म्याराथन प्रतियोगितालाई खेल क्षेत्रको महत्वपूर्ण वार्षिक गतिविधिका रूपमा विकास गरिने बजेट कार्यक्रममा उल्लेख छ । "गण्डकी प्रदेश तथा पोखरा क्षेत्र नेपालको खेल क्षेत्रका लागि उर्वरभूमि हो, यही माटोमा जन्मे हुर्केका कैयौँ युवाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकूद मञ्चमा पनि आफूलाई पटकपटक प्रमाणित गरेका छन्", उपप्रमुख गुरुङले भन्नुभयो । महागनरले अन्तर विद्यालय 'मेयर कप' आयोजना गर्नका लागि आवश्यक बजेटको प्रबन्ध गरिएको जनाएको छ। यसबाट विद्यार्थीलाई शैक्षिक गतिविधिका अलावा खेलकूद लगायतका अतिरिक्त क्रियाकलापमा संलग्न हुने अवसर प्राप्त हुने र भविष्यका लागि खेलाडी उत्पादन गर्न मद्दत पुग्ने विश्वास लिइएको उपप्रमुख गुरुङले बताउनुभयो।

यसैगरी माछापुच्छ्रे गाउँपालिकाले एक स्थानीय तह एक खेल ग्राम कार्यक्रमअन्तर्गत पालिकास्तरीय खेलग्राम निर्माण कार्यलाई निरन्तरता दिने कार्यक्रम ल्याएको छ । गाउँपालिका केन्द्र लाहाचोकमा एक सङ्घ र प्रदेश सरकारको सहकार्यमा निर्माणाधीन खेलमैदानलाई स्थानीयस्तरको रङ्गशालाका रूपमा विकास गर्ने योजना रहेको गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले बताउनुभयो । भिँडाबारीमा युवा तथा खेलकूद मन्त्रालय, अखिल नेपाल फुटबल सङ्घ (एन्फा) र गाउँपालिकासँगको सहकार्यमा प्रस्तावित 'एन्फा टेक्निकल सेन्टर'को निर्माण कार्य अघि बढाइने गाउँपालिकाको कार्यक्रम छ । गाउँपालिकाको महत्वपूर्ण खेलकूद उत्सवका रूपमा रहेको राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन गर्न रु १० लाख बजेट विनियोजन गरिएको उपाध्यक्ष कृष्णकुमारी दवाडीले बताउनुभयो । यसैगरी गाउँपालिकास्तरीय एवं वडास्तरीय खेलमैदाननिर्माणकार्यलाईनिरन्तरता दिइनेमाछापुच्छ्रेकोबजेटकार्यक्रममा उल्लेख छ। अन्नपूर्ण गाउँपालिकाले 'एक वडा एक खेल मैदान' कार्यक्रम अघि सारेको छ । सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा गाउँपालिकाभित्र खेलकूदका पूर्वाधार निर्माण, विकास र स्तरोन्नति गरिने अध्यक्ष युवराज कुँवरले बताउनुभयो । उहाँका अनुसार माछापुच्छ्रे खेलमैदानलाई स्तरोन्नति गरी राष्ट्रियस्तरको खेलमैदानका रूपमा विकास गर्न बजेट विनियोजन गरिएको छ।

युवा क्लबलगायत विभिन्न सामाजिक सङ्घसंस्थाको क्षमता विकास खेलकूद पूर्वाधार संरचनाको निर्माण र विद्यालयस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालनका लागि बजेट विनियोजन गरिएको गाउँपालिकाले जनाएको छ । मादी गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकास्तरीय रङ्गशाला निर्माण गर्ने कार्यलाई अगाडि बढाइने जनाएको छ। गाउँपालिकामा स्थायी बसोबास गरी राष्ट्रिय तथा प्रदेशस्तरको खेल इभेन्टमा पदक प्राप्त गर्ने खेलाडीलाई मादी जन्मभूमि पुरस्कारबाट सम्मान गरिने उपाध्यक्ष विष्णुमाया पौडेलले बताउनुभयो।

गाउँपालिको आगामी वर्षदेखि मादी जन्मभूमि पुरस्कारको ट्रफी डिजाइन गरी विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका प्रतिभा एवम् सर्जक तथा स्रष्टालाई पुरस्कृत एवम् सम्मान गर्ने परम्पराको थालनी गर्ने बजेट कार्यक्रममा उल्लेख छ। रुपा गाउँपालिकाले गाउँपालिका स्थापना दिवसका अवसरमा वर्षेनि अध्यक्ष कप अन्तर स्थानीय तह भलिबल प्रतियोगिता लगायतका खेलकूद गतिविधि सञ्चालन गर्दै आएको छ। आगामी वर्ष पनि सो कार्यक्रमलाई निरन्तरता दिइएको र रु १५ लाख बजेट विनियोजन गरिएको अध्यक्ष नवराज ओझाले बताउनुभयो । गाउँपालिकाले खेलमार्फत राम्रो स्वास्थ्य तथा प्रतिस्पर्धा वृद्धि गरी विद्यालय तहको खेलकूद विकास गर्नका लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि रु तीन लाख बजेट विनियोजन गरेको छ।

# गाईले नब्याउँदै दूध दिन थालेपछि सबै दङ्ग

**–हरि बाँस्तोला**
**गण्डकी, १२ असार (रासस)**

पोखरा महानगरपालिका–२१ फेदीपाटनका मुक्ति पौडेल कात्तिकको अन्तिममा ब्याउनुपर्ने गाईले छ महिनाअघि नब्याउँदै दूध दिन थालेपछि दङ्ग हुनुहुन्छ । विसं २०७७ माघ २ गते परम्परागत तवरले बहर लगाएर प्रजनन् गराइएको गाई आगामी कात्तिकमा ब्याउने भन्दै ढुक्क बनेका पौडेललाई जेठको २६ गते राति एकाएक गाईको थुनबाट दूध गोठमा आफैँ झरेको देख्दा अचम्भित बन्नुभयो।

साढे दुई वर्षको मिनिजर्सी सो बाच्छीले त्यसयता प्रत्येक दिन बिहान बेलुका दुई/ दुई लिटरका दरले दूध दिन थालेपछि यतिखेर उहाँको घरमा गाई हेर्न छिमेकीहरू पुग्न थालेका छन् । उहाँले भन्नुभयो, "दूध भने कहिल्यै पनि फाटेन। अहिले खाएर बाँकी रहेको दूध दही बनाएर मोत्था घ्यू पनि राम्रो लाग्ने गरेको छ।"

गाई नव्याउँदै दूध दिने विषय बिरलै हुने गरेको बताउने पशु चिकित्सक डा मधु तिमिल्सिना हर्मनको कारणबाट यस्ता दुर्लभ घटना हुने धारणा राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "नब्याउँदै गाईले दिएको दूध खाँदा भने कुनै समस्या हुँदैन । उन्नत जातका गाईका बाच्छीले पहिलो बेतमै प्रोगेस्टोन हर्मन वृद्धिले दूध उत्पादन गर्ने भएको कारण नव्याउँदै दूध दिन थालेको हो," उहाँले भन्नुभयो, "यस अवस्थाका गाईमा थुनेलो हुने समस्या आउने भएकाले कल्चौडा सफा राख्ने, थुनमा बेटाडिन लगाउने गर्नु पर्दछ।"

नब्याउँदै गाईले दूध दिन थालेपछि दङ्ग परेका निर्मलपोखरी गाविसका पूर्व उपाध्यक्ष समेत रहनु भएका पौडेल र उहाँकी श्रीमती सीतालाई यतिखेर गाई हेर्न आउने छिमेकीलाई गाईका बारे बताउन भ्याइनभ्याइ छ। गोठमा दुई वटा ब्याउने भैंसी भएर पनि गाई पाल्ने इच्छा जागेको कारण आफूले बाच्छीको खोजीमा रहेको बेला स्थानीय दलित समुदायका एक व्यक्तिमार्फत २०७६ पुस १७ गते ल्याएर गोठमा बाँधिएको हो। वेवारिसे अवस्थाको गाईको बाच्छी ल्याइदिने उनलाई पौडेलले एक हजार रुपैयाँ पारिश्रमिक समेत दिनुभएको थियो। शुरुमा राम्रो आहारा एवं पानी समेत पर्याप्त नखाएको आवस्थामा फेला परेको बाच्छी गोठमा ल्याएपछि भने राम्रै स्याहारसुसार पाएको सीताले जानकारी दिनुभयो। दुब्लो, हिंड्डुल गर्न समेत खासै नसक्ने कमजोर अवस्थाको बाच्छीले शुरुको दिनमा पानी समेत नखाएकै कारण बाख्राको जुत्तो जस्तै गोट्टा दिसा गरेको बताउँदै उहाँले आफूहरूले स्याहारसुसार गर्न थालेपछि दिन प्रतिदिन राम्रो हुँदै गएको अनुभव सुनाउनुभयो।

छिमेकमै जन्मेको सो बाच्छी माया नपाएपछि व्यवारिसे बनेको प्रत्यक्ष देख्ने स्थानीयवासी अहिले भने नब्याउँदै दूध दिन थालेपछि दङ्ग परेका छन् । त्यसअघि सो बाच्छी करीब ४५ दिनसम्म पोखरा १७ स्थित विरुवा फाँटमा खुल्ला आकाशमुनि बस्न बाध्य थियो। पशुहरू आफू हेलित भएपनि स्याहारसुसार पाएमा बहुगुणी हुन्छन् भन्ने तथ्यलाई यसले पुष्टि गरेको स्थानीयवासी पण्डित कृष्णप्रसाद पौडेले बताउनुभयो।

# जनता आवासले ऋणमा

**– सन्तोष गौतम**
**म्याग्दी, १२ असार**

जनता आवास कार्यक्रममार्फत यहाँ घर बनाएकाहरू ऋणमा डुबेका छन् । घर बनाएबापत सरकारले सम्झौता गरेअनुसार अनुदान उपलब्ध नगराएपछि एक सयभन्दा बढी विपन्न दलित परिवार ऋणमा फसेका हुन् ।

गण्डकी प्रदेश सरकारले बजेट व्यवस्थापन गर्न नसक्दा जनता आवास कार्यक्रममार्फत घर निर्माण गरेका यहाँका आवासविहीन विपन्न दलित समुदाय ऋणको भारीले थिचिएका छन् । आवास पाएकामा खुशी हुनुपर्नेमा घर बनाउँदा लागेको ऋण तिर्न नसकेर चिन्ताले पिरोलिएको बेनी नगरपालिका-९ काउलेगौडाकी सुनकुमारी विकले बताउनुभयो । "सरकारबाट पैसा आउला भनेर ऋण खोजेर घर बनाउँदा मजदूरलाई ज्याला दिएँ, सिमेन्ट, रड, जस्तापाटा किनेँ", उहाँले भन्नुभयो, "फागुनमा बनाइसकेर सबै कागजात पेश गरेको थिए, अहिलेसम्म भुक्तानी नपाउँदा साहुले हैरान बनाएका छन् ।" सम्झौतालगत्तै पहिलो किस्ताबापत रु ८३ हजार ३३३ का दरले अनुदान पाएका अधिकांशले घर निर्माण गरिसकेका छन् । दोस्रो, तेस्रो र चौथो किस्ता अनुदान नपाउँदा समस्यामा परेको बेनी-७ अग्निखेतकी तुलकुमारी केसीले बताउनुभयो।

सङ्घबाट प्रदेशमा हस्तान्तरण भएको कार्यक्रममार्फत राष्ट्रिय दलित आयोगमा सूचीकृत दलित समुदायका घरविहीनले मापदण्डअनुसार दुईकोठे घर बनाउन रु तीन लाख ५० हजार अनुदान उपलब्ध गराउने कार्यविधिमा छ। मध्य जग खनेपछि २५, डिपिसी गरेपछि ३०, गारो लगाएपछि ३५ र शौचालय निर्माणका साथै छानो हालेपछि अन्तिम दश प्रतिशत रकम पाउने व्यवस्था कार्यविधिमा उल्लेख छ। अनुदानको आशामा ऋण खोजेर मजदूरको ज्याला र निर्माण सामग्री जुटाएकाहरू तनावमा परेका छन् । पूर्वाधार विकास कार्यालयसँग सम्झौता गरेका यहाँका १३७ लाभग्राहीमध्ये ११५ घरको निर्माण सकिएको छ। कार्यालयका अधिकृत बाबुराम आचार्यका अनुसार २२ घर निर्माणको अन्तिम चरणमा छन् । "१३२ लाभग्राहीले तेस्रो र चौथो किस्ता अनुदान पाएका छैनन्, दोस्रो किस्ता नपाउनेको सङ्ख्या ४८ छ", उहाँले भन्नुभयो, "सङ्घले प्रदेश सरकारमार्फत उपलब्ध गराउने अनुदान नपठाएकाले लाभग्राहीलाई वितरण गर्न नसकिएको हो ।" आर्थिक वर्ष २०७७/७८ का लागि रु ८३ लाख बजेट आएको जनता आवास कार्यक्रममार्फत घर बनाएका सबै लाभग्राहीलाई भुक्तानीका लागि थप रु दुई करोड ५५ लाख माग गरिएको छ । कार्यक्रममार्फत आर्थिक वर्ष २०७४/७५ मा ६६, २०७५/७६ मा ८० र २०७६/७७ मा ९५ घर निर्माण गरिएको थियो । जीर्ण अवस्थाका घर, टहरा, गोठ र ओडारमा बस्नुपर्ने अवस्था हटाउन जनता आवास कार्यक्रम सञ्चालन गरिएको हो।

# तमानखोलाको बोङ्गादोभान सिल

**पोखरापत्र संवाददाता**
**बागलुङ, १२ असार**

बागलुङको तमानखोला गाउँपालिकाको केन्द्र बोङ्गादोभान बजारमा एकैपटक १७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। एकैपटक ठूलो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएपछि गाउँपालिकाले बजार क्षेत्र एक हप्ताका लागि सिल गरेको छ। बजारमा अत्यावश्यक बाहेकका सबै सेवा बन्द गरिएको हो।

गाउँपालिकाको स्वास्थ्य शाखाले गरेको एन्टिजेन्ट परीक्षणमा वडा नं १ बोङ्गादोभान बजारमा मात्रै १७ सङ्क्रमित फेला परेका हुन् । सङ्क्रमण दर वृद्धि हुन थालेपछि गाउँपालिकाले शुक्रबारदेखि यही असार १७ गते राति १२:०० बजेसम्मका लागि बजार पूर्ण रूपमा सिल गर्ने निर्णय गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकास लम्सालले बताउनुभयो।

# बाँदर भुलाउन जङ्गलमा फलफूल खेती

**–कृष्ण न्यौपाने**
**दमौली, १२ असार**

मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्ने उद्देश्यले तनहुँको म्याग्दे गाउँपालिका-२ उमाचोक सामुदायिक वनमा फलफूल खेती शुरु गरिएको छ। बाँदर आतङ्क रहेको यस ठाउँमा बाँदरलाई जङ्गलमै भुलाउन विभिन्न प्रजातिका फलफूलका बिरुवा रोपण शुरु गरिएको हो।

डिभिजन वन कार्यालय तनहुँको आर्थिक सहयोगमा नमूना फलफूल वन स्थापना गर्ने उद्देश्यले फलफूलका बिरुवा रोपिएको हो । म्याग्दे गाउँपालिकाका अध्यक्ष मायादेवी राना, डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले फलफूलका बिरुवा रोपेर उक्त कार्यको शुभारम्भ गर्नुभएको छ। जङ्गलमा बाँदरको आहारा पाइन छाडेपछि त्यसको खोजीमा बाँदर मानव वस्ती छेउ आउने गरेका छन् । मानव वस्ती छेउमा आउन बाँदरले कृषकले उत्पादन गरेको खेतीबाली नष्ट गरिदिने गरेको छ। बाँदर आतङ्कका कारण यहाँका कृषक हैरान छन्।

बाँदर आतङ्क न्यूनीकरण गर्दै बाँदरलाई जङ्गलमै भुलाउन फलफूल खेती शुरु गरिएको सबडिभिजन वन कार्यालय म्याग्देका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँको तीन हेक्टर क्षेत्रफलमा १४ प्रजातिका ८ सय ५० वटा फलफूलका बिरुवा रोपण गरिनेछ। तनहुँमै पहिलो पटक उमाचोकमा बाँदर भुलाउन जङ्गलमा फलफूलको बिरुवा रोपण गर्न लागिएको प्रमुख रानाभाटको भनाइ छ । "बाँदरले आफ्नो आहाराको अभावमा किसानको खेतीबाली नष्ट गर्ने तथा मानिसलाई नै आक्रमण गर्ने समस्या न्यूनीकरणका लागि फलफूलका बिरुवा लगाउन लागेका हौं", उहाँले भन्नुभयो।

यस कार्यक्रमका लागि डिभिजन वन कार्यालय तनहुँले रु सात लाख ५० हजार सहयोग गरेको छ भने २० प्रतिशत सामुदायिक वनले लागत साझेदारी गर्नेछ । "बुट्यान जङ्गलमा बाँदरले मन पराउने वर्षेनी उत्पादन हुने खालका बिरुवा लगाउन शुरु गरेका छौ, दुई तीन दिनमा सबै क्षेत्रमा बिरुवा रोपेर सकिन्छ," उहाँले भन्नुभयो । उहाँका अनुसार यहाँ काफल, चिउरी, जामुन, अमला, लोकल आँपहरू, कटहर, चिली लगायतका बिरुवा उत्पादन गरिनेछ। दुई तीन वर्षमा फलफूल उत्पादन हुने भएपछि बाँदर जङ्गलमै भुल्ने र बस्तीसम्म नजाने विश्वास गरिएको छ । "म्याग्देका विभिन्न ठाउँमा बाँदर आतङ्क छ, त्यसमध्ये पनि उमाचोकमा बढी नै आतङ्क रहेको पाइयो," प्रमुख रानाभाटले भन्नुभयो, "विगतमा धेरै पटक खेतबारीमै गएर महिलालाई आक्रमण गर्ने गरेको घटना छ।" डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि यो कार्यक्रम प्रभावकारी हुने बताउनुभयो । म्याग्दे गाउँपालिकाकी अध्यक्ष मायादेवी रानाले फलफूलका बिरुवा उत्पादन भएपछि सर्वसाधारणले बाँदर आतङ्कबाट मुक्ति पाउने बताउँदै फलफूलका बिरुवा रोपणका लागि गाउँपालिकाका तर्फबाट रु दश हजार सहयोगको प्रतिबद्धता व्यक्त गर्नुभयो । स्थानीयवासी इन्द्र अधिकारीले फलफूल खेतीले बाँदर आतङ्क न्यूनीकरणका साथै आयआर्जन पनि गर्न सकिने बताउनुभयो । उमाचोक सामुदायिक वनका अध्यक्ष श्यामलाल श्रेष्ठले वनमै फलफूल भएपछि बाँदर त्यतै भुलेर बस्तीतिर नआउने भएकाले फलफूलका बिरुवा रोपिएको जानकारी दिनुभयो । "खेतमा काम गर्न गएको बेलामा बाँदरले आक्रमण पनि गर्ने गरेको छ, बाँदर आतङ्कबाट हैरानै भइयो," श्रेष्ठले भन्नुभयो, "फलफूल खेतीले बाँदर आतङ्कबाट छुटकारा पाइएला भन्ने आशा छ।"


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ कमलपोखरी मार्ग बाटो चाक्लाबन्दी गर्ने निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम: कमलपोखरी मार्ग बाटो चाक्लाबन्दी गर्ने
स्थान: कमलपोखरी मार्ग पोखरा–१३
योजना सम्झौता मिति : २०७८/०२/२३ गते
योजना सुरु हुने मिति: २०७८/०२/२४ गते
योजना सम्पन्न मिति : २०७८/०३/२० गते
योजनाको कुल लागत : रु. ५,८९,६३७.९३।–
महानगरपालिकाबाट प्राप्त रकम : रु.२,९४,८१७।–
जन सहभागितावाट : रु.२,९४,८२०।–

सु. इन्द्र बहादुर गुरुङ
अध्यक्ष तथा
**कमलपोखरी मार्ग टोल विकास संस्था उपभोक्ता समिति पोखरा -१३ कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११ काहुँ धरहरा परिसरमा पार्क निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम: काहुँ धरहरा पार्क निर्माण
स्थान: पोखरा–११ काहुँ धरहरा परिसर
योजना सम्झौता मिति : २०७७/११/१० गते
योजना सुरु हुने मिति: २०७७/११/१५ गते
योजना सम्पन्न मिति : २०७८/०२/३२ गते
योजनाको कुल लागत : रु. १७,९१,७५७.७७।–
पोमनपा (संस्कृतिक पर्यटन तथा नागरिक उड्यान मन्त्रालय)बाट प्राप्त रकम : रु.१५,००,०००।–
जन सहभागितावाट : रु.२,६४,७०५.८८।–

सु. इन्द्र बहादुर गुरुङ
अध्यक्ष तथा
**काहुँकोट देउराली मन्दिर तथा धरहरा संरक्षण समिति पोखरा-११, काहुँ**